नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कान्ति बाल अस्पताल

महाराजगंज,काठमाडौं

पत्र संख्या:२०७९/८०
चलानी नम्बर :

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कान्ति बाल अस्पताल
महाराजगंज, काठमाडौं

मिति २०७९।०५।१६

विषय: ध्यानाकर्षण भएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस अस्पतालमा विकास समिति तर्फका कर्मचारी युनियन लगायतका कर्मचारी संगठनका तर्फबाट संघर्ष समिति निर्माण गरी २४ बुँदे मागपत्र श्रीमान् निर्देशकज्यूलाई सम्वोधन गरी पेश हुन आएको । पेश गरिएको मागपत्रमा दस्तखत मात्र भएको तर दस्तखत गर्ने व्यक्तिको नाम, पद, कार्यरत शाखा तथा सम्लग्नता खुल्न नआएको पाइएको । मागपत्रमा उल्लेख भएका विषय र व्यानरमा राखिएका माग एक अर्कामा मेल खाने नदेखिएको साथै अस्पताल निर्देशक र लेखा प्रमुखलाई आधारहिन आरोप लगाई सार्वजनिक रुपमा कालो ब्यानरमा अस्पताल परिसरको बिभिन्न स्थानमा टाँस गरिएको प्रति अस्पतालको ध्यानाकर्षण भएको छ ।

<u>संघर्ष समितिबाट भएका केहि नमिल्ला कार्यहरु</u>

१) संघर्ष समितिले ७ दिनको अल्टिमेटम दिई मागपत्र पेश गरेको तर मागपत्र पेश हुने र ब्यानर टाँग्ने कुरा एकै दिन गरिएकोले अस्पताल व्यवस्थापनलाई मागको सम्वोधन गर्न ७ दिनको समय समेत उपलव्ध नगराई अवरोध गर्ने कार्य भएकोले यस्ता कार्यहरु ट्रेड युनियन ऐनको व्यवस्था विपरित भएको देखिएको ।

२) आधारहिन अप्रमाणित, कपोलकल्पित तथा पुष्टि नभएको आरोप लगाइएको बिषयले एक जिम्मेवार पदाधिकारीको इज्जत प्रतिष्ठामा आँच आउने र निजको मानहानी हुने शब्दहरुको प्रयोग भएकोले तत्काल त्यस्ता शब्दहरु फिर्ता लिनुपर्ने अन्यथा नेपालको प्रचलित कानून आकर्षित हुने अस्पताल प्रशासनको धारणा रहेको ।

कान्ति बाल अस्पताल
प्रशासन